बैठक संख्या: ६१

आज मिति २०८३/०१/२४ गते, बिहिबारका दिन त्रियुगा नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार बस्नेतज्यूको अध्यक्षतामा तपसिल बमोजिमका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरूको उपस्थितिमा त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको ६१ औं बैठक बसी देहाय बमोजिमको निर्णय गरियो।

उपस्थिति

| सि.न. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री बसन्त कुमार बस्नेत | नगर प्रमुख | |
| २ | श्री महेश्वरी राई | नगर उपप्रमुख | |
| ३ | श्री राज कुमार खड्का | सदस्य सचिव | |
| | | कार्यपालिका सदस्यहरू | |
| ४ | श्री मनोज कुमार चौधरी | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | श्री घमान सिह खत्री | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | श्री तिलक बहादुर कटुवाल | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री बद्री बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री उद्धब कुमार थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री योगेन्द्र बहादुर दाहाल | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | श्री अमर बहादुर दनुवार | वडा अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री राज कुमार राउत | वडा अध्यक्ष वडा नं. ८ | |
| १२ | श्री राज कुमार दनुवार | वडा अध्यक्ष वडा नं. ९ | |
| १३ | श्री किंरण पाण्डे | वडा अध्यक्ष वडा नं. १० | |
| १४ | श्री सुमन्त कोइराला | वडा अध्यक्ष वडा नं. ११ | |
| १५ | श्री नविन कुमार वान्तवा राई | वडा अध्यक्ष वडा नं. १२ | |
| १६ | श्री नविन कुमार चौधरी | वडा अध्यक्ष वडा नं. १३ | |
| १७ | श्री हिम राज मगर | वडा अध्यक्ष वडा नं. १४ | |
| १८ | श्री गणेश प्रसाद तिम्सीना | वडा अध्यक्ष वडा नं. १५ | |
| १९ | श्री मान बहादुर राई | वडा अध्यक्ष वडा नं. १६ | |
| २० | श्री बिमल राई | कार्यपालिका सदस्य | |
| २१ | श्री डिल्ली सेर राई | कार्यपालिका सदस्य | |
| २२ | श्री बलदेब बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| २३ | श्री गीता कुमारी उप्रेती | कार्यपालिका सदस्य | |
| २४ | श्री रेखा थापा मगर | कार्यपालिका सदस्य | |
| २५ | श्री रेणुका श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २६ | श्री सुनिता गजमेर | कार्यपालिका सदस्य | |
| २७ | श्री कुन्ती परियार | कार्यपालिका सदस्य | |
| | | सहयोगी कर्मचारी | |
| १. | जनक प्रसाद ढुंगाना | अधिकृतस्तर सातौं | |

CamScanner

# त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको ६१ औं बैठकका कार्यसूची तथा एजेण्डाहरू

**त्रियुगा नगर कार्यपालिकाको ६१ औं बैठकका कार्यसूचीहरू**

१. नगरसभाको १७ औं अधिवेशनको कार्यतालिका सम्बन्धमा।
२. आ.व. २०८३/०८४ को लागि बजेट सीमा सम्बन्धमा।
३. जनप्रतिनिधिहरूको अन्तरपालिका अनुभव आदानप्रदान तथा अवलोकन भ्रमण कार्यक्रम र यसमा भएका खर्च अनुमोदन सम्बन्धमा।
४. वहुवर्षीय योजनाहरू ठेक्कामा लगाउने सम्बन्धमा।
५. नगर प्रहरीको १ नं. ड्रेस सम्बन्धमा।
६. त्रियुगा नगरपालिकाबाट भूमि प्रशासन सञ्चालन गर्ने सम्वन्धमा।
७. सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने/गराउने पत्र सम्वन्धमा।
८. एकद्वार सेवा प्रवाह (OSSD) सम्बन्धी प्रणाली विकास तथा सञ्चालन सम्वन्धमा।
९. नगरस्तरीय कार्यक्रमको लागि बजेट रकमान्तर गर्ने सम्वन्धमा।
१०. नगर शिक्षा समितिको निर्णय अनुमोदन सम्वन्धमा।
११. पूर्णखोप सुनिश्चिताका लागि सिफारिस सम्वन्धमा।
१२. विद्यालय नर्सको करार म्याद सम्वन्धमा।
१३. अनाधिकृतरूपले रासायनिक मलंखाद विक्री वितरण गरिएको सम्वन्धमा गठित जाँचवुझ समितिको प्रारम्भिक प्रतिवेदन सम्वन्धमा।
१४. नेपाल शहरी शासकीय तथा पूर्वाधार विकास आयोजना (NUGIP) को म्याद थप सम्वन्धमा।
१५. राजश्वलाई सुत्र प्रणालीमा प्रविष्ट गर्न बजेट व्यवस्थापन सम्वन्धमा।
१६. IEE अद्यावधिक सम्बन्धमा।
१७. विपद् प्रभावितलाई राहत रकम उपलब्ध गराउने सम्वन्धमा।
१८. विपद् सामाग्री खरिद सम्बन्धमा।
१९. विविध

क)त्रियुगा नगरपालिका, ११ नं. वडा कार्यालय रहेको घरमा उठेको २०८२ असार सम्मको विद्युत् महसुल भुक्तानी सम्वन्धमा।

ख) ईकिन्दर डोमको श्रीमतीलाई उपचार गराउन सहयोग सम्वन्धमा।

ग) शरद ढुंगानालाई उपचार गराउन सहयोग सम्बन्धमा।

घ) जे.पी. स्मृति भवन निर्माण(वडागत) बजेटहरूमध्येबाट एकमुष्ट गरी बोलपत्र आह्वान गर्ने सम्बन्धमा

ङ) नगर शिक्षा समितिको कक्षा थप सम्बन्धी निर्णय अनुमोदन सम्वन्धमा।

च) गढी-गढी पदयात्राको बाँकी भुक्तानी सम्बन्धमा।

कार्यपालिकाको मिति
२०८३/०१/२४ गतेको
बैठकको निर्णय प्रमाणित।

CamScanner

निर्णय नं. ९७५

त्रियुगा नगरपालिकाको १७ औं नगर सभालाई सुव्यवस्थित ढङ्गले तोकिएको समयावधिभित्रै सम्पन्न गर्न "स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८" बमोजिम स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका सम्पूर्ण ७ (सात) चरणहरू र अन्तर्गतका २४ (चौबिस) वटा कार्यहरू सम्पन्न गर्नुपर्ने भएकोले सोही बमोजिम कार्य गर्न देहाय बमोजिमको त्रियुगा नगरसभाको कार्यतालिका पारित गर्ने:-

| क.स. | कार्यविवरण | समयसीमा | जिम्मेवार शाखा |
|---|---|---|---|
| १. | वस्ती/टोलस्तरबाट प्राप्त आयोजना तथा कार्यक्रमलाई विषय क्षेत्रअनुसार छुट्टायाउने | २०८३ जेठ १० भित्र | वडा समिति |
| २. | वडाको बजेट सीमा भित्रका र अन्य महत्वपूर्ण आयोजनालाई विषयगतरूपमा प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने | २०८३ जेठ १० भित्र | वडा समिति |
| ३. | विषयगत शाखाबाट विषय क्षेत्रका आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण गर्ने | २०८३ जेठ १५ भित्र | विषयगत शाखा |
| ४. | विषयगत समितिमा छलफल र प्राथमिकता निर्धारण तथा साङ्केतीकरण गर्ने | २०८३ जेठ २५ भित्र | विषयगत समिति |
| ५. | बजेट (राजश्व, व्यय तथा वित्तीय व्यवस्था) तथा वार्षिक विकास कार्यक्रमको प्रस्ताव तयार गर्ने | २०८३ जेठ मसान्तभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| ६. | गैसस तथा विकास साझेदारको कार्यक्रमलाई एकीकृत गरी समावेश गर्ने | २०८३ जेठ मसान्तभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| ७. | आर्थिक विधेयकको मस्यौदा तयार गरी पेश गर्ने | २०८३ असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| ८. | विनियोजन विधेयकको मस्यौदा तयार गरी पेश गर्ने | २०८३ असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| ९. | बजेट (राजश्व, व्यय तथा वित्तीय व्यवस्थाको अनुमान), वार्षिक विकास कार्यक्रम मध्यमकालीन खर्च संरचना, आर्थिक एवम् विनियोजन विधेयक कार्यपालिकाबाट स्वीकृत गरी सभामा प्रस्तुत गर्ने। | २०८३ असार १० गतेभित्र | नगर कार्यपालिका |
| १०. | बजेट (राजश्व, व्यय तथा वित्तीय व्यवस्थाको अनुमान) वार्षिक विकास कार्यक्रम, मध्यमकालीन खर्च संरचना, आर्थिक तथा विनियोजन विधेयक पारित गर्ने र आर्थिक ऐन तथा विनियोजन ऐन राजपत्रमा प्रकाशन गर्ने | २०८३ असार मसान्तभित्र | नगर सभा |

कार्यपालिकाको मिति २०८३/०१/२८ गतेको बैठकको निर्णय प्रमाणित।

CamScanner

| | | | |
|---|---|---|---|
| ११. | बजेट पुस्तिका तयारी तथा छपाई | २०८३ साउन १५ गतेभित्र | प्रमुख प्रशासकीय अधिकृत |

निर्णय नं. ९७६

यस नगरपालिकालाई आ.व. २०८३/०८४ मा संघ र प्रदेश सरकारबाट देहाय बमोजिमको अनुदान र राजश्व बाँडफाँट तथा रोयल्टीको सीमा र नगरपालिकाको राजश्व परामर्श समितिको बैठकले निर्णय गरेअनुसार श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट आ.व. २०८३/०८४ को लागि प्राप्त आय र व्यय विवरण, विषयगत समिति र वडागत सिलिङ्ग देहाय बमोजिम कायम गर्ने:

| आ.व. २०८३/०८४ को आय तथा व्ययको अनुमान (सशर्त बाहेक) | | | |
|---|---|---|---|
| | आय | | |
| क्र. स. | शिर्षक | आ.व.२०८३/०८४ को अनुमान | |
| १ | समानीकरण अनुदान (संघीय) | २२१८००००० | |
| २ | समानीकरण अनुदान (प्रदेश) | २०३४५००० | |
| ३ | संघीय राजश्व बाँडफाँट | २१५८५२००० | |
| ४ | सवारी साधन कर | १८७९९२३८ | |
| ५ | आन्तरिक राजश्व | १६५०६५००० | |
| ६ | चालु आ.व. २०८२/०८३ को बाँकी मौज्दात रकम | ११९४००७१ | |
| ७ | कुल अनुमानित आय रकम | ६५३८०१३०९ | |
| | व्यय | | |
| १ | तलब भत्ता र कार्यालय सञ्चालन खर्च(चालु) | ३०००००००० | |
| बाँकी बजेट(जम्मा आय-सञ्चालन खर्च) | | ३५३८०१३०९ | |
| पूँजीगत बजेट बाँडफाड | | | |
| १ | कार्यान्वयनमा रहेका बहुवर्षीय चालु आयोजनाको लागि (२५ वटा) | ४८५८७१३० | |
| २ | संघीय समपुरक अनुदानबाट कार्यान्वयन हुने आयोजनाका लागि साझेदारी | १००००००० | |
| ३ | प्रदेश समपुरक अनुदानबाट कार्यान्वयन हुने आयोजनाको लागि साझेदारी | १००००००० | |
| ४ | सडक बोर्ड साझेदारी | ५०००००० | |
| ५ | विपद् व्यवस्थापन कोष | १००००००० | |

कार्यपालिकाको मिति २०८३/०१/२८ गतेको बैठकको निर्णय प्रमाणित।

CS CamScanner

| | | | |
|---|---|---|---|
| ६ | विद्यालय विपद् व्यवस्थापनको लागि स्वयंसेवक कार्यक्रम | ७००००० | |
| ७ | सम्झौता बमोजिमका बाँकी भुक्तानी | ५०००००० | |
| ८ | व्यवस्थापन परीक्षण (संस्थागत विकास तथा सुशासन) | ७००००० | |
| ९ | पिपलचोक सिमलटार सडक बाँकी भुक्तानी. | ५२००००० | |
| १० | थरूहट रङ्गशाला बाँकी भुक्तानी | ४०००००० | |
| ११ | नगर अस्पताल निर्माण लागत साझेदारी | ३६७६४१७९ | |
| १२ | नगर अस्पताल मेशिनरी खरिद | ९२००००० | |
| १३ | जनतासँग मेयर | १२५००००० | |
| १४ | जनतासँग उपमेयर | ९०००००० | |
| १५ | अभरमा नगर | ३०००००० | |
| १६ | अध्ययन अनुसन्धान र सेवा परामर्श (DPR etc) | २५००००० | |
| १७ | ECD सफ्टवेयर शिक्षा कार्यक्रम | ५००००० | |
| १८ | नियमित साझेदारी (विभिन्न कार्यक्रम) | १८५००००० | |
| १९ | कार्यक्रम साझेदारी (नयाँ) | १६५००००० | |
| २० | जनतासँग साझेदारी कार्यक्रम | ३०००००० | |
| २१ | नगरको एकीकृत सार्वजनिक सेवा सञ्चालन कार्यक्रम (संस्थागत विकास तथा सुशासन | १०००००० | |
| २२ | **पूँजीगततर्फको जम्मा** | **२११६५१३०९** | |
| २३ | चालु सञ्चालन खर्च र पूँजीगत घटाउँदा बाँकी रकम | | |
| २४ | वडा सिलिङ्ग (एकमुष्ट) | ८००००००० | |
| २५ | आर्थिक विकास | १०००००००० | |
| २६ | सामाजिक विकास | २५०००००० | |
| २७ | पूर्वाधार विकास | १०००००००० | |
| २८ | वन,वातावरण,तथा विपद व्यवस्थापन | १०००००० | |
| २९ | संस्थागत क्षमता विकास(सुशासन) | २०००००० | |
| ३० | विधायन समिति | ५००००० | |
| ३१ | न्यायिक समिति | ५००००० | |
| ३२ | खानेपानी तथा सरसफाई | १५००००० | |
| ३३ | ऐलानी जग्गा व्यवस्थापन | २०००००० | |
| ३४ | छात्रवृत्ति कोष | १०००००० | |

कार्यपालिकाको मिति
२०८२/०१/२८ गतेको
बैठकको निर्णय प्रमाणित।

| | | | |
|---|---|---|---|
| ३५ | सार्वजनिक सुनुवाई | ३००००० | |
| ३६ | मजदुर बिमा | ७५०००० | |
| ३७ | डिजिटल प्रोफाईल अद्यावधिक | २००००० | |
| ३८ | विकास पत्रकारिता | ३००००० | |
| ३९ | अभिलेख तथा पुस्तकालय व्यवस्थापन | ५००००० | |
| ४० | त्रैमासिक तथा वार्षिक समीक्षा | १००००० | |
| ४१ | त्रियुगा प्रज्ञा प्रतिष्ठान सञ्चालन | ५००००० | |
| ४२ | राजश्व सुधार | १०००००० | |
| ४३ | पुस्तक तथा पाठ्यक्रम निर्माण तथा छपाई | ३०००००० | |
| ४४ | नगर कानून तर्जुमा, प्रुफरिडिङ्ग तथा राजपत्र प्रकाशन | १०००००० | |
| ४५ | त्रियुगा पुनर्स्थापना | ५००००० | |
| ४६ | पत्रकार छात्रावृत्ति | ५००००० | |
| | कुल जम्मा | १४२१५०००० | |
| | व्यय तर्फ (सि.न. १ देखि ४६ सम्म) | ३५३८०१३०९ | |
| | कुल जम्मा | ६५३८०१३०९ | |

(ख) वडागत बजेट सीमा:

| वडा न | न्युनतम बजेट | सुत्रगत बजेट | कुल जम्मा बजेट |
|---|---|---|---|
| १ | २५०००००० | २०८१२२३ | ४५८१२२३ |
| २ | २५०००००० | २६४१०५८ | ५१४१०५८ |
| ३ | २५०००००० | ३२९७३५१ | ५७९७३५१ |
| ४ | २५०००००० | २६३८८०४ | ५१३८८०४ |
| ५ | २५०००००० | २८४५९१४ | ५३४५९१४ |
| ६ | २५०००००० | ३०४९४४६ | ५५४९४४६ |
| ७ | २५०००००० | २६९५९४४ | ५१९५९४४ |

कार्यपालिकाको मिति
२०८३/०१/२४ गतेको
बैठकको निर्णय प्रमाणित ।

CamScanner

| | | | |
|---|---|---|---|
| ८ | २५००००० | २१४४७१७ | ४६४४७१७ |
| ९ | २५००००० | २०११३१८ | ४५११३१८ |
| १० | २५००००० | २३८६९३२ | ४८८६९३२ |
| ११ | २५००००० | ४०५७०१५ | ६५५७०१५ |
| १२ | २५००००० | २२००४८१ | ४७००४८१ |
| १३ | २५००००० | २३६१३४४ | ४८६१३४४ |
| १४ | २५००००० | २२१७७५६ | ४७१७७५६ |
| १५ | २५००००० | १७८५७०७ | ४२८५७०७ |
| १६ | २५००००० | १५८४९९० | ४०८४९९० |
| कुल | ४००००००० | ४००००००० | ८००००००० |

<u>निर्णय नं. ९७७</u>

त्रियुगा नगरपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम र त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/१२/१२ गते बसेको बैठकको निर्णयानुसार एवम् नगर प्रमुखले स्वीकृत गरे अनुसारको कार्यक्रम तालिका र बजेट बमोजिम यस नगरपालिकाबाट मिति २०८३/०१/११ गतेदेखि मिति २०८३/०१/१९ गतेसम्मको कर्णाली प्रदेशको वीरेन्द्रनगर नगरपालिका, सुर्खेत, तिलागुफा नगरपालिका, कालिकोट, छायाँनाथ रारा नगरपालिका, मुगु र यसका पर्यटकीय क्षेत्र (रारा ताल र निकुञ्जसमेत), दैलेखको दुल्लु नगरपालिका, लुम्बिनी प्रदेशको तानसेन नगरपालिका, पाल्पा र गण्डकी प्रदेशको पोखरा लगायतको ९ (नौ) दिनको भ्रमण कार्यक्रम सम्पन्न गर्न भएको खर्च रू. ११,७०,२७९ (एघार लाख सत्तरी हजार दुई सय उनासी रूपैयाँ मात्र।) अनुमोदन गर्ने। भ्रमण कार्यक्रम अत्यन्त फलदायी भएकोमा अनुभव आदान प्रदानमा समय उपलव्ध गराउने सम्वन्धित स्थानीय सरकारलाई धन्यवाद ज्ञापन गर्ने। साथै, यस भ्रमण कार्यक्रममा विनियोजित वजेटमा अपुग रकम रू. १,७०,२७९ (अक्षरेपी एक लाख सत्तरी हजार दुई सय उनासी रूपैयाँ) आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रम अन्तर्गतको "त्रियुगा पुनर्स्थापना" कार्यक्रम अन्तर्गत रहेको रू. १०,००,०००/- बजेटबाट खर्च हुने गरी रू. ३,००,०००/- रकमान्तर गर्न मिति २०८३/०१/१० गते भएको नगर प्रमुखस्तरीय निर्णय स्वीकृत गर्ने। र सोही बमोजिम पेश्की फछ्यौंट गर्न/गराउन कार्यालयलाई निर्देशन दिने।

कार्यपालिकाको मिति
२०८३/०१/२४ गतेको
बैठकको निर्णय प्रमाणित।

निर्णय नं. ९७८

चालू आर्थिक वर्ष २०८२/८३ मा स्वीकृत देहायका योजनाहरुलाई सम्पन्न गर्न थप बजेट आवश्यक भएको हुँदा देहाय बमोजिम बजेट श्रोत सुनिश्चितताको लागि आगामी नगर सभामा पेश गर्ने र खरिद प्रकृया अगाडि बढाउन कार्यालयलाई अनुमति दिने।

देहाय

| सि.न | वडा नं. | योजनाको नाम | रातो किताबमा भएको भजेट | संसोधित बजेट | आव 2083/084 मा चाहिने बजेट | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| १ | १ | भेडुवा खोला र खुरुहुरिया खोलामा कल्भर्ट निर्माण (वडा नगर साझेदारी बहुवर्षीय) | १,०००,०००.०० | ९००,०००.०० | ३,२००,०००.०० | ५,१००,०००.०० |
| २ | २ | मित्र बहादुरको घर देखी प्रहरी चौकी जाने वाटो ढलान (वडा नगर साझेदारी वहुवर्षीय) | १,२००,०००.०० | | १,२००,०००.०० | २,४००,०००.०० |
| ३ | ३ | ३ नं. वडा कार्यालय भवन तल्ला थप (वडा नगर साझेदारी बहुवर्षीय) | ५००,०००.०० | | ३,०००,०००.०० | ३,५००,०००.०० |

कार्यपालिकाको मिति २०८२/०७/२४ गतेको बैठकको निर्णय प्रमाणित।

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | ५ | महेश दाहालको घर हुँदै रामसुधिर मिश्राको घरबाट सुजिता चौधरीको घरदेखि श्रवण वि.क. को घर हुँदै ताराकान्त चौधरीको घरसम्म बाटो ढलान (वडा नगर साझेदारी बहुवर्षीय) | ४००,०००.०० | | ६००,०००.०० | १,०००,०००.०० |
| ५ | ६ | ६ नं. वडा कार्यालय भवन निर्माण (वडा नगर साझेदारी बहुवर्षीय) | ५००,०००.०० | | ३,०००,०००.०० | ३,५००,०००.०० |
| ६ | ६ | भगवति टोल विकास रक्तमाला टोल विकासको बाटोमा कालोपत्रे (वडा नगर साझेदारी बहुवर्षीय) | १,२००,०००.०० | | १,२००,०००.०० | २,४००,०००.०० |
| ७ | ९ | ९ नं. वडा कार्यालय तल्ला थप (वडा नगर साझेदारी बहुवर्षीय) | ५००,०००.०० | | ३,०००,०००.०० | ३,५००,०००.०० |

कार्यपालिकाको मिति २०८२/०१/२८ गतेको बैठकको निर्णय प्रमाणित।

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | १४ | जाल्पादेवी मा.वि. दुई कोठे भवन निर्माण (वडा नगर साझेदारी बहुवर्षीय) | - | ३००,०००.०० | १,२००,०००.०० | १,५००,०००.०० |
| ९ | ७ | कुभिण्डे खोला कल्भर्ट (वडा नगर साझेदारी बहुवर्षीय) | ३००,०००.०० | | ९००,०००.०० | १,२००,०००.०० |
| १० | १६ | बरुवा मन्धने खोला स्लाव कल्भर्ट निर्माण (वडा नगर साझेदारी बहुवर्षीय) | ३००,०००.०० | ७००,०००.०० | १,७००,०००.०० | २,७००,०००.०० |
| ११ | १३ | उदयपुर थरुहट रंगशाला निर्माण बहुवर्षीय | १,०००,०००.०० | २,५००,०००.०० | ३,५००,०००.०० | ७,०००,०००.०० |
| १२ | १३ | सगरमाथा कृषि तथा फलफुल माछा मासु बजार निर्माण बहुवर्षीय | ८००,०००.०० | २,५००,०००.०० | ३,०००,०००.०० | ६,३००,०००.०० |
| १३ | ११ | भरत खड्काको घरबाट उत्तर तर्फ सन्तोष निरौलाको घरसम्म कालोपत्रे (वडा नगर साझेदारी बहुवर्षीय) | ७००,०००.०० | | ९००,०००.०० | १,६००,०००.०० |
| १४ | १० | खसी बजार व्यवस्थापन | ६००,०००.०० | | १,०००,०००.०० | १,६००,०००.०० |

कार्यपालिकाको मिति
२०८३/०१/२८ गतेको
बैठकको निर्णय प्रमाणित।

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | ११ | त्रियुगा बजार सौन्दर्यकरण | १,०००,०००.०० | २,५००,०००.०० | ५,०००,०००.०० | ८,५००,०००.०० |
| १६ | ९ | गैरुन खोलामा कल्भर्ट निर्माण | ३००,०००.०० | | १,५००,०००.०० | १,८००,०००.०० |
| १७ | २ | भुल्के बाबाजी कुटिदेखी सनुवा जाने बाटो | ८५०,०००.०० | १,०००,०००.०० | १,०००,०००.०० | २,८५०,०००.०० |
| १८ | ११ | वडा नं. ११ मा कालो पत्रे गर्ने कार्य | ७००,०००.०० | | ७००,०००.०० | १,४००,०००.०० |
| १९ | ५ | भुलर खोलामा झोलुङ्गे पुल निर्माण | | | २,८८७,१३०.४० | २,८८७,१३०.४० |
| २० | ७ | वडा नं. ७ कार्यालय भवनमा हल निर्माण | ५००,०००.०० | | ७००,०००.०० | १,२००,०००.०० |
| २१ | १५ | रानिवास मा.वि. को भवन निर्माण | ३००,०००.०० | १,५००,०००.०० | | १,८००,०००.०० |
| २२ | ८ | शाहीखोला पुलको दायाँ बायाँ बाटो निर्माण तथा ह्युमपाईप जडान | | २,०००,०००.०० | | २,०००,०००.०० |
| २३ | | विभिन्न वडाको लागि हाईमास्ट लाईट पोल खरिद | | १,०००,०००.०० | | १,०००,०००.०० |
| २४ | ११ | विशालनगर धनामगरको घरसम्म नाला निर्माण | | ७००,०००.०० | | ७००,०००.०० |

कार्यपालिकाको मिति
२०८३/०१/२४ गतेको
बैठकको निर्णय प्रमाणित।

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५ | ११ | ईन्द्रेश्वर मन्दिर पार्क तथा आधुरो मन्दिर निर्माण | | | ८००,०००.०० | ८००,०००.०० |
| | | जम्मा | १२,६५०,०००.०० | १५,६००,०००.०० | ३९,९८७,१३०.४० | ६८,२३७,१३०.४० |

निर्णय नं. ९७९

त्रियुगा नगरपालिका, नगर कार्यपालिका र मातहतका वडा कार्यालयहरूमा कार्यरत नगर प्रहरीहरूलाई १ नं. ड्रेस र चौकिदारहरूलाई चलनचल्तीको ड्रेस खरिद गर्न आवश्यक प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने।

निर्णय नं. ९८०

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.सं. २.१./ज.प्र./०८२/८३/२५९, च.नं.६६५, मिति २०८३/०१/१७ गतेको पत्रमा यस नगरपालिकाबाट समेत भूमि प्रशासन सम्बन्धी सेवा प्रदान गर्ने व्यवस्था मिलाउन र चरणबद्ध रूपमा नगरपालिकाबाट भूमि प्रशासन सम्बन्धी सेवाहरू प्रदान गर्नको लागि नीतिगत व्यवस्था सहित आवश्यक प्रशासनिक तथा प्राविधिक पक्षको तयारी गर्ने कार्य अन्तिम चरणमा रहेको भनी लेखी आएकोले यस नगरपालिका भमि प्रशासन सम्बन्धी सेवा प्रदान गर्न आवश्यक पूर्वाधार र जनशक्तिका साथ सदैव तयार रहेको व्यहोरा सम्वन्धित निकायलाई जानकारी गराउने।

निर्णय नं. ९८१

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या २०८२/०८३, चलानी नं. ४१२, मिति २०८३/०१/१७ गतेको पत्रमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/१२/१३ को एक सय बुँदे कार्ययोजनाको बुँदा ९२ मा उल्लेख भएबमोजिम नगरपालिकाले सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्न/गराउन ऐ. मन्त्रालयको मिति २०८३/०१/१७ (सचिवस्तर) को निर्णयानुसार लेखी आएकोले मन्त्रालयलाई पत्राचार गर्ने प्रयोजनको लागि त्रियुगा नगरपालिकाका सबै वडा कार्यालयहरूले मिति

कार्यपालिकाको मिति २०८३/०१/२४ गतेको बैठकको निर्णय प्रमाणित।

CamScanner

२०८३/०२/३ गतेभित्र पत्रमा माग भएबमोजिमको विवरण समावेश गरी नगर कार्यपालिकाको कार्यालयमा पेश गर्न वडा कार्यालयहरूलाई निर्देशन गर्ने।

**निर्णय नं. ९८२**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रमको प.सं. २०८२/०८३, च.नं. २८०, मिति २०८३/०१/१७ गतेको पत्रमा स्थानीय तह र मातहतका वडा कार्यालयबाट प्रदान गरिने सेवालाई आ.व. २०८३/०८४ बाट प्रविधिको प्रयोग गरी "एकद्वार सेवा प्रवाह (One Stop Service Delivery-OSSD) प्रणाली" लागु गर्ने तयारी भएको भनी लेखी आएकोले यस सन्दर्भमा त्रियुगा नगरपालिकाबाट पनि उक्त प्रणाली सुरू गर्न आवश्यक व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने।

**निर्णय नं. ९८३**

आर्थिक वर्ष २०८२/०८३ को लागि स्वीकृत योजना तथा कार्यक्रमहरुमध्ये त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको वार्षिक कार्यक्रम तथा अनुमानित बजेटबाट देहाय बमोजिमको संशोधित कार्यक्रमको लागि बजेट रकमान्तर गर्न स्वीकृत गरी आगामी नगर सभामा अनुमोदनको लागि प्रस्ताव गर्ने:

| आ.व.२०८२/८३ को वार्षिक कार्यक्रम | | | संशोधन | | | औचित्य |
|---|---|---|---|---|---|---|
| क.सं. | कार्यक्रम | बजेट | क.सं. | कार्यक्रम | बजेट | |
| १ | त्रियुगा पुनर्स्थापना | ७००,०००.० | १ क | राष्ट्रिय अपाङ्ग कोष लाई कृत्रिम खुट्टाको भुक्तानी | १२०,०००.० | हरी पोखरेलको लागि कृत्रिम खुट्टा राष्ट्रिय अपाङ्ग कोषले उपलब्ध गराएको । |
| | | | | घटना दर्ता तथा पंजिकरण सम्वन्धी अभिमुखिकरण कार्यक्रम (१७ स्थान) | ५०,००० | |
| २ | निशुल्क रक्त स्क्रिनिङ | ७००,०००.० | २ क | युवा स्वयंसेवा परिचालन | ५०,०००.० | LGPAS को सूचक प्राप्तिको लागि । |

कार्यपालिकाको मिति
२०८२/०१/२४ गतेको
बैठकको निर्णय प्रमाणित।

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | २ख | मानव अधिकार प्रवर्दन | २५,००० | |
| | | | २घ | बाल विवाह न्यूनीकरण सम्वन्धी जुना चलचित्र विद्यालयमा प्रदर्शन (सृष्टि फाउण्डेशनसंज साझेदारी | १,००,००० | |

**निर्णय नं. ९८४**

त्रियुगा नगर शिक्षा समितिको मिति २०८२/०९/२३, मिति २०८२/१२/११, मिति २०८२/१२/१३, मिति २०८२/१२/२७ गतेको बैठकबाट भएका निर्णय तथा सिफारिसहरुलाई स्वीकृत तथा अनुमोदन गर्ने।

**निर्णय नं. ९८५**

त्रियुगा नगरपालिका क्षेत्रमा पूर्णखोप सुनिश्चिता निर्देशिका,२०८१ बमोजिम सम्पूर्ण प्रक्रिया पुरा गरी बालबालिकाले १५ महिनाको उमेर भित्र पाउनु पर्ने सम्पूर्ण खोपहरु प्राप्त गरेको सुनिश्चित गरिएकोले जिल्ला खोप समन्वय समितिबाट निर्देशिका बमोजिम भेरिफिकेसन गरी अनुमोदनका लागि सिफारिस गर्ने ।

**निर्णय नं. ९८६**

विद्यालय नर्सिङ्ग कार्यक्रम अन्तर्गतका तपसिलका विद्यालय नर्सहरूको माघ १ गतेदेखि २०८३ असाढ मसान्त सम्मको लागि करार सम्झौता थप गर्ने ।

तपसिल

| क.स. | विद्यालय नर्सको नाम/थर | कार्यरत विद्यालय | कैफियत |
|---|---|---|---|
| १ | सविता चौधरी | जनता मा.वि., खैजनपुर | |
| २ | सम्झना कुमारी तामाङ | रामजानकी मा.वि., मोतिगडा | |
| ३ | वन्दना चौधरी | राष्ट्रिय मा.वि., बगाह | |
| ४ | प्रेमा पाठक | जनता मा.वि., श्रीपुर | |
| ५ | सुदिक्षा चौधरी | जनता मा.वि., देउरी | |

कार्यपालिकाको मिति
२०८२/०१/२८ गतेको
बैठकको निर्णय प्रमाणित।

| | | | |
|---|---|---|---|
| ६ | प्रभा बराल | जनज्योती मा.वि., चुहाडे | |
| ७ | मनिशा बुढाथोकी | अम्वेवर मा.वि., राजावास | |
| ८ | रचना कुमारी चौधरी | मा.वि., साउने | |
| ९ | शोभामाया मगर | जनता मा.वि., रानिवास | |
| १० | सिता दियाली | मा.वि. जाल्पा चिलाउने | |

**निर्णय नं. ९८७**

मिति २०८३/०१/१६ गते जिल्ला प्रशासन कार्यालय, उदयपुरको बजार अनुगमन टोलीले जफत गरी त्रियुगा नगरपालिकाको कृषि विकास शाखामा बुझाएको रासायनिक मलखादको सम्वन्धमा अध्ययन तथा जाँचबुझ गर्ने सम्वन्धमा यस नगरपालिकाको मिति २०८३/०१/२२ गतेको स्थानीय तह मल वितरण व्यवस्थापन समितिको बैठकबाट गठित अध्ययन तथा जाँचबुझ समितिले स्थानीय तह मल वितरण व्यवस्थापन समितिका संयोजक नगर उपप्रमुख श्री महेश्वरी राईसमक्ष बुझाएको प्रारम्भिक प्रतिवेदन ग्रहण गर्ने र सो सम्वन्धमा सोही जाँचबुझ समितिले १० दिन भित्र विस्तृत अध्ययन गरी अन्तिम प्रतिवेदन पेश गर्न निर्देशन दिने।

**निर्णय नं. ९८८**

त्रियुगा नगरपालिकामा विश्व बैंकको सहायतामा सञ्चालन भईरहेको नेपाल शहरी शासकीय तथा पूर्वाधार विकास आयोजना (NUGIP) अन्तर्गतका आयोजनाको Contract ID: NP-DUDBC-४०१४५४-CW-RFB, Package १: Different Interconnected Road Within Triyuga Municipality and Contract ID: NP-DUDBC-४०१४५५-CW-RFB, Package २: Upgradation of Sagarmatha Agriculture Bazar West to South Madan Bhandari Hall to Janpremi Tole Bisanpur Ward 12 Road को भौतिक तथा वित्तिय प्रगति क्रमशः Package १ को (भौतिक ८८।०० प्रतिशत र वित्तिय ७९/६० प्रतिशत) तथा Package २ को (भौतिक ९७।१० प्रतिशत र वित्तिय ८२।१९ प्रतिशत) भएको र सडक निर्माण कार्यको निर्माण व्यवसायी आशिष/आशिर्वाद/स्वामीनारायण जे.भि.को मिति २०८२।१२।०४ गतेको पत्रबाट निर्माण सामाग्रीको अभावको कारण म्याद थप गरी दिन माग भएको तथा आयोजनाको परामर्शदाता (DSC) BOTEK-GOEC JV को राय समेतको आधारमा आयोजनाहरुको हालको प्रगति समेतलाई मूल्याङ्कन गरी आयोजनाको कार्य सम्पन्न गर्ने अन्तिम म्याद मिति २०८३ जेठ २५ (सन् २०२६ जुन ८) सम्म तथा परामर्शदाता (DSC) BOTEK-GOEC JV को म्याद समेत २०८३ असार ९ गते (सन् २०२६ जुन २३) सम्म थप गर्ने सहमतीको लागि नेपाल शहरी शासकीय तथा पूर्वाधार विकास आयोजना, आयोजना समन्वय कार्यलयमा अनुरोध गर्ने ।

**निर्णय नं. ९८९**

यस नगरपालिकाको राजश्व शाखा अन्तर्गतको सांग्रीला सफ्टवेयरमा प्रविष्टि भएका सम्पत्ति र भूमि कर सम्वन्धी करदाताहरूको विवरण Sub-National Treasury Regulatory Application-SUTRA प्रणालीमा हस्तान्तरण गर्ने

कार्यपालिकाको मिति २०८३/०१/२८ गतेको बैठकको निर्णय प्रमाणित।

CamScanner

तपसिलः

| क.सं. | सामग्रीको नाम | इकाई | परिमाण |
|---|---|---|---|
| १ | सेफ्टी बुट | जोर | |
| २ | रेनकोट | थान | |
| ३ | हेल्मेट | जोर | |
| ४ | ग्लोव्स | जोर | |
| ५ | फ्ल्यास हुड | थान | |
| ६ | फेस मास्क | थान | |
| ७ | बन्चरो | थान | |
| ८ | ह्यामर | थान | |
| ९ | टर्च लाइट | थान | |
| १० | सेफ्टी बेल्ट | थान | |
| ११ | ड्राइ पाउडर फायर एक्स्टिङ्गुइशर | थान | |
| १२ | नर्मल फायर सुट (हेल्मेट, गोगल्स, बुट, ग्लोब्स सहित) | थान | |
| १३ | एस.सी.बी.ए. सेट (Breathing Apparatus) | थान | |
| १४ | नर्मल फायर सुट (हेल्मेट, गोगल्स, बुट, ग्लोब्स सहित) | सेट | आवश्यकता विश्लेषण गरी खरिद गर्ने |
| १५ | एलुमिनाइज्ड फायर प्रोक्सिमिटी सुट | सेट | |
| १६ | ब्रिदिङ एपारेटस | सेट | |
| १७ | फायर हाइड्रेन्टका लागि होज पाइप | थान | |
| १८ | होज पाइप नोजल | थान | |
| १९ | फायर होज मेल कपलिङ | थान | |
| २० | फायर होज फिमेल कपलिङ | थान | |
| २१ | सेफ्टी हेल्मेट | थान | |
| २२ | सेफ्टी ज्याकेट | थान | |
| २३ | गमबुट | जोर | |
| २४ | लाइफ ज्याकेट | थान | |
| २५ | लाइफ रिङ | थान | |
| २६ | थ्रो ब्याग | थान | |
| २७ | गैती | थान | |

कार्यपालिकाको मिति
२०८२/०१/२४ गतेको
बैठकको निर्णय प्रमाणित।

प्रयोजनको लागि प्राविधिक जनशक्ति व्यवस्थापन गर्नुपर्ने भएकोले उक्त कार्य सम्पादन गर्न आवश्यक बजेट व्यवस्था गर्ने।

निर्णय नं. ११०

यस नगरपालिकास्थित विभिन्न नदी खोलाहरूबाट नदीजन्य पदार्थको उत्खनन, संकलन एवम् बिक्री वितरणका सन्दर्भमा गत आर्थिक वर्ष विभिन्न नदी तथा खोलाहरूमा गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अद्यावधिक गर्न आवश्यक बजेट व्यवस्था गर्ने।

निर्णय नं. १११

त्रियुगा नगरपालिका क्षेत्रभित्र विभिन्न मिति तथा स्थानमा आगलागी, हावाहुरी तथा जङ्गली जनावरबाट भएको क्षतिसम्बन्धी पीडितहरूबाट प्राप्त निवेदनहरू सम्बन्धित वडा कार्यालयको सिफारिस तथा आवश्यक प्रमाण (प्रहरी मुचुल्का लगायत) का आधारमा तपसिल बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने:

तपसिल

| क्र.स. | विपद् प्रभावितको नाम | ठेगाना | विपद्को प्रकृति | सिफारिस राहत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री दत्त नारायण केसी | त्रि.न.पा.-१० | आगलागि | १० हजार | |
| २. | श्री जित बहादुर भुजेल | त्रि.न.पा.-१३ | आगलागि भई भान्सा घर तथा गोठमा क्षति | १० हजार | |
| ३. | श्री क्षेत्र बहादुर खड्का | त्रि.न.पा.-३ | आगलागिले पराल र चौपायमा क्षति | १० हजार | |
| ४. | श्री सोम बहादुर दनुवार | त्रि.न.पा.-९ | हावाहुरीले छाना उडाएको | २० हजार | |
| ५. | श्री प्रभा कुमारी सदा | त्रि.न.पा-१ | जङ्गली हात्तीले घरमा क्षति | ५ हजार | |
| ६. | श्री श्रवण कुमार चौधरी | त्रि.न.पा-१ | जङ्गली हात्तीले घर तथा अन्नबाली नोक्सान | ५ हजार | |
| ७. | श्री देवी बहादुर मगर | त्रि.न.पा.-५ | जङ्गली हात्तीले घर तथा अन्नबालीमा क्षति | ५ हजार | |

निर्णय नं. ११२

यस नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत नगर विकास कार्यक्रम तथा बजेट अन्तर्गत विपद् व्यवस्थापन कोष शीर्षकबाट बाढी, पहिरो, भूकम्प, आगलागी लगायतका विपद्जन्य घटनाको पूर्वतयारी, उद्धार, राहत तथा आपतकालीन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन आवश्यक तपसिलका विपद् उद्धार तथा सुरक्षा सामाग्री आवश्यक संख्यामा प्रचलित कानुन बमोजिम खरिद गर्न कार्यालयलाई निर्देशन दिने।

कार्यपालिकाको मिति २०८३/०१/२४ गतेको
बैठक ... निर्णय ... मिलान।

| क.सं. | सामग्रीको नाम | इकाई | परिमाण |
|---|---|---|---|
| २८ | बेल्चा (Shovel) | थान | |
| २९ | कोदालो | थान | |
| ३० | लेदर ग्लोब्स | थान | |
| ३१ | टर्च | थान | |
| ३२ | फर्स्ट एड बक्स | थान | |
| ३३ | हेड ल्याम्प | थान | |
| | जम्मा | | |

**निर्णय नं. ९९३**

**विविध**

क) त्रियुगा नगरपालिका, ११ नं. वडा कार्यालय रहेको घरमा उठेको २०८२ असार सम्मको विद्युत् महसुल भुक्तानी सम्बन्धमा।

त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र त्रियुगा नगरपालिका वडा नं. ११ को कार्यालयबीच मिति २०८१/०४/०३ गते भएको घरभाडा सम्झौतामा 'विजुलीको छुट्टै सब मिटर जडान गरी सोमा उठेको अंकको महसुल त्रियुगा नगरपालिकाले भुक्तानी गर्ने" भन्ने सम्झौता भए बमोजिम र ११ नं. वडा कार्यालयको च.नं. २९०८, मिति २०८३/०१/७ गतेको सिफारिस अनुसारको मिति २०८१ साउनदेखि २०८२ असारसम्मको विद्युत् महसुल बापतको रकम सम्वन्धित घर धनीलाई भुक्तानी दिने।

ख) ईकिन्दर डोमको श्रीमतीलाई उपचार गराउन सहयोग सम्बन्धमा।

त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा सरसफाईकर्मीको रूपमा कार्यरत ईकिन्दर डोमकी श्रीमती मृगौला सम्बन्धी रोगबाट पीडित भएकोले रिता मरिक डोमको उपचारको लागि १५,००० (पन्ध्र हजार रूपैयाँ) सहयोग गर्ने।

ग) त्रियुगा नगरपालिका वडा नं. १२ स्थायी बसोबास गर्ने शरद ढुंगाना मृगौला रोगबाट पीडित भएकोले निजलाई उपचारको लागि २०,००० (बीस हजार रूपैयाँ) सहयोग गर्ने।

घ) आर्थिक वर्ष २०८२/०८३ को वार्षिक कार्यक्रम तथा बजेटमा स्वीकृत जि.पी. स्मृति भवन निर्माण(वडागत) बजेटहरूको रकम एकमुष्ट गरी भवन मर्मत-सम्भार, रङरोगन आदि कार्य गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने।

ङ) नगर शिक्षा समितिको मिति २०८२/१२/२७ गतेको कक्षा थप सम्बन्धी निर्णय अनुमोदन गर्ने।

च) चालु आर्थिक वर्ष २०८२/०८३ मा आयोजित गढी-गढी पदयात्रामा खर्च भएको बाँकी भुक्तानी ३९ हजार ९ सय रूपैयाँ भुक्तानी दिने।

छ) त्रियुगा नदी किनारमा अवस्थित शवदाह स्थल बाढीले क्षति पुर्याएको हुँदा तत्काल संरक्षण नगरे वर्षा याममा थप क्षति भई शवदाहमा नै समस्या हुने देखिएको हुँदा सो को संरक्षणको लागी विपद व्यवस्थापन कोषबाट रु. १,००,०००/- (अक्षरेपी एकलाख) बजेट विनियोजन गरी काम गराउने।

कार्यपालिकाको मिति
२०८३/०१/२४ गतेको
बैठकको निर्णय प्रमाणित।

CS CamScanner